मा. आरती पौडेल
मन्त्री

# कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना :कृषिकर्ममा आवश्यक पर्ने विविध प्रकारका कृषि मेशिनरी तथा औजारहरुको प्रयोगलाई प्रोत्साहन गरी उत्पादन लागत घटाउँदै बजार प्रतिस्पर्धी बनाउने र कृषि उत्पादन कार्यलाई प्रविधि मैत्री बनाउने उद्देश्यले व्यावसायिक कृषि पकेट क्षेत्रहरुमा कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको सहज तथा सुलभ उपलव्धताका लागि प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायद्वारा सञ्चालन हुने वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम "कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"कस्टम हायरिङ्ग सेन्टर"** भन्नाले कृषि उत्पादन तथा पोष्ट हार्भेष्ठ व्यवस्थापनमा प्रयोग हुने विभिन्न प्रकारका कृषि मेशिनरी उपकरणहरुको संग्रह गर्ने र समुदायमा उपयोगको सेवा दिने व्यवस्था मिलाउने गरी बनेको कृषि यन्त्रहरु राखिने केन्द्रलाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले कस्टम हायरिङ्ग सेन्टरको निर्माण, सञ्चालन र व्यवस्थापनका लागि यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा कार्यक्रम सञ्चालन गर्ने मातहतको निकायलाई सम्झनु पर्छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल, नेपाल



सचिव

(घ) **"कृषक समूह"** भन्नाले आधिकारिक निकायमा नियमानुसार दर्ता भएको कृषकहरुको समूहलाई सम्झनु पर्छ।

(ङ) **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सहकारी संस्थालाई सम्झनु पर्छ सो शब्दले कृषि कार्यक्षेत्र भएको बहुउद्देश्यीय सहकारी संस्थालाई समेत बुझाउँछ।

(च) **"भौतिक पूर्वाधार"** भन्नाले कस्टम हायरिङ्ग सेन्टरमा रहने विभिन्न मेशिनरी सामग्री तथा औजारहरु राखिने टिनको टहरा एवं सेड र बारबन्देजलाई सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"**भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"निर्देशनालय"** भन्नाले प्रदेश नं. ५ को कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(झ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ६ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्यहरु</u> : यस कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेका छन:-

(क) कृषिवस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरणकालागि आवश्यक पर्ने मेशिनरी औजार तथा उपकरणहरुको सेवा स्थानीय स्तरबाटै सुनिश्चित गर्नु,

(ख) कृषि मेशिनरी औजारहरुको मर्मत सेवा प्रदान गर्नु, र

(ग) कृषिमा यान्त्रिकरण प्रवर्द्धन गर्नु।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

४. <u>सूचना प्रकाशन तथा प्रस्ताव छनौट</u> :(१) कार्यक्रम सञ्चालनका लागि कार्यालयले राष्ट्रिय वा प्रदेश स्तरको पत्रिकामा ३० (तीस) दिने सूचना प्रकाशन गर्नेछ। साथै एफ.एम. रेडियो लगायतको साधनको प्रयोग तथा वडाको कार्यालयमा सूचना टाँस गरी जानकारी गर्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

(२) अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन, प्रस्ताव तथा अन्य तोकिएको कागजातहरु संलग्न राखी आवेदकले सूचनामा तोकिएको निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) प्रस्ताव दर्ता गर्ने निकायले म्याद समाप्त भएको ७ दिन भित्र सूचना प्रकाशन गर्ने निकायमा प्राप्त हुने गरी पठाई सक्नु पर्नेछ।

(४) आवेदकले प्रस्तावना पेश गर्दा कष्टम हायरिङ्ग सेन्टरको व्यवस्थापन, मेशिनरी परिचालन पद्धति, मर्मत सम्भार र दक्ष जनशक्ति व्यवस्थापनको योजना अनिवार्य पेश गर्नु पर्नेछ।

(५) आवश्यक कागजात र प्रक्रिया पुरा गरी आएका आवेदनहरुलाई मात्र मूल्याङ्कन प्रक्रियामा समावेश गराईनेछ। प्रारम्भिक छनौटमा उपयुक्त देखिएका प्रस्तावहरुको समितिले कार्यदल खटाई स्थलगत प्रमाणीकरण गर्ने/गराउनेछ।

(६) कार्यदलबाट स्थलगत मूल्याङ्कन भए पश्चात अनुसूची-२ बमोजिम मूल्याङ्कन मापदण्डहरुका आधारमा मूल्याङ्कन गरी उपयुक्त प्रस्तावहरुको छनौट गरी स्वीकृतिका लागि सिफारिस गर्न सक्नेछ।

(७) स्वीकृत आवेदनहरुको प्रस्तावित इन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको विवरण प्राविधिकबाट तयार गरी कार्यालयमा सम्झौताको लागि पेश गर्नु पर्नेछ।

(८) कार्यालय र अनुदानग्राही बीच अनुसूची-४ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनु पर्नेछ।

(९) यस भन्दा अगाडि यसै प्रकृतिको कार्यको लागि कुनै अनुदान प्राप्त गरेको भए दोहोरो अनुदान उपलब्ध गराइने छैन।

तर अगाडि प्राप्त गरेको अनुदानबाट स्थापना गरी सञ्चालनमा आएको कष्टम हायरिङ्ग सेन्टरमा आवश्यक थप केही मेशिनरी सामग्रीहरुको माग भएमा आवश्यकता र औचित्यताको आधारमा यस कार्यक्रमबाट अनुदान उपलब्ध गराउन कुनै बाधा पर्ने छैन।

५. <u>अनुदानग्राहीको योग्यता</u> :(१) कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालन गर्न चाहने फार्म, कम्पनी, उद्यमी, कृषक समूह, कृषि सहकारी र कृषिसँग सम्बन्धित समितिहरुले आवेदन गर्न सक्नेछन्।

(२) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको जोन र सुपरजोनको कमान्ड क्षेत्र भएको स्थानमा अनुदान प्रदान गरिने छैन।

प्रदेश सरकार
प्रदेश नं. ५



सचिव

मा. आरती पौडेल
मन्त्री

६. <u>कार्यक्रम व्यवस्थापन समिति</u> : (१) निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति हुनेछः-

(क) प्रमुख, निर्देशनालय – अध्यक्ष

(ख) सम्बन्धित महाशाखा प्रमुख वा अधिकृत प्रतिनिधि, मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, योजना, कार्यक्रम तथा अनुगमन, निर्देशनालय -सदस्य

(घ) लेखा प्रमुख, निर्देशनालय - सदस्य

(ङ) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित शाखा प्रमुख वा अधिकृत, निर्देशनालय -सदस्य सचिव

(२) कृषि ज्ञान केन्द्रबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति हुनेछ :-

(क) प्रमुख वा निजले तोकेको अधिकृत -अध्यक्ष

(ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख -सदस्य

(ग) योजना अधिकृत वा योजना हेर्ने शाखा प्रमुख -सदस्य

(घ) लेखा प्रमुख -सदस्य

(ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिले आवश्यकता अनुसार बढीमा ३ जना विज्ञ विषेशज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको प्रस्ताव माग गर्ने सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,

(ख) प्राप्त निवेदनहरुको छनौट गरी कागजात नपुगेका, रीत नपुगेका निवेदनहरुको प्रारम्भिक छनौट गरी हटाउने,

(ग) स्थलगत सम्भाव्यता निरीक्षणका लागि कार्यदल गठन गरी खटाउन सक्ने,

(घ) कार्यदलको स्थलगत अनुगमन तथा अनुसूची-२ बमोजिम प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गर्ने,

(ङ) आवेदकको प्रस्ताव हेरी अनुदानको सीमा तोक्ने,



प्रदेश सरकार
प्रदेश नं. ५

(च) कार्यक्रम कार्यान्वयनमा परेका समस्याहरुमा बाधा अड्चन फुकाउने,

(छ) कार्यक्रम सञ्चालनको सन्दर्भमा अन्य आवश्यक कार्यहरु गर्ने।

(२) प्रस्तावको औचित्यता हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई पुनः स्थलगत अनुगमन र पुनः मूल्याङ्कनका लागि कारबाही गर्न सक्नेछ।

(३) परियोजनाहरुको छनौट, प्रस्तावकहरुसँगको छलफलका आधारमा प्रस्तावमा पेश भएका कार्ययोजनाहरुको संसोधन/परिमार्जन र प्रस्ताव बदर गर्न सक्ने अधिकार समितिमा निहित रहनेछ।

८. प्रस्ताव छनौट र सम्झौता: (१) अनुदान स्वीकृत भए पछि सो को जानकारी कार्यालयले सम्बन्धित अनुदानग्राहीलाई सम्झौताको लागि जानकारी गराउनेछ।

(२) कार्यक्रम स्वीकृत भएको अनुदानग्राही र कार्यालय बीच अनुदानग्राहीले पेश गरेको कार्ययोजना अनुसार आवश्यक थपघट गरी वा यथावत रुपमा स्वीकृत गरी कार्यक्रम सञ्चालनको लागि सम्झौता गरिनेछ।

(३) छनौट भएका अनुदानग्राही तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रममा रहेका वैकल्पिक प्रस्तावकसँग सम्झौता गर्न सकिनेछ।

९. अनुदानग्राहीलाई उपलब्ध गराइने रकमको बाँडफाँड तथा शर्तहरु : (१) वार्षिक स्वीकृत कार्यक्रम अनुसार वजेटमा व्यवस्था भए अनुसार कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्ययोजना बमोजिम लाग्ने रकमको ५० प्रतिशतमा नबढाई प्रति कष्टम हायरिङ्ग सेन्टर अधिकतम रु.२५०००००।- (अक्षरुपी पच्चिसलाख रुपैया मात्र) अनुदान रकम स्वीकृत गर्न सकिनेछ।

(२) कुल अनुदान रकम मध्ये टिनको टहरा (Truss) निर्माण तथा बारबन्देज गर्न अधिकतम रु. ५०००००।- (अक्षरुपी पाँचलाख मात्र) र मेशिनरी यन्त्र तथा उपकरणहरुको खरिदका लागि न्यूनतम रु.२००००००।- (अक्षरुपी बीस लाख मात्र) रकम खर्च गर्नु पर्नेछ।

तर टहरा पहिले नै भएको अनुदानग्राहीको हकमा रु.२५०००००।- (अक्षरुपी पच्चिस लाख) नै खर्च गर्न सक्नेछ।

(३) अनुदानमा उपलब्ध गराइने मेशिनरी सामग्रीहरुको नाम, स्पेसिफिकेसन र सोका लागि उपलब्ध गराइने अनुदान रकम अनुसूची-३ बमोजिम हुनेछ।

मा. आरती पौडेल
मन्त्री

(४) पूर्वाधार निर्माणका लागि खर्च गरिने रु. ५०००००.०० (पाँच लाख) मध्येबाट नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ।

(५) अनुदानमा निर्माण गरिएको कष्टम हायरिङ्ग सेन्टरको सेड र उपलब्ध गराइने मेशिनरी उपकरणहरु कम्तिमा ५ वर्षसम्म आफै सञ्चालन गर्नु पर्नेछ अन्यथा नियमानुसार सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०. <u>भुक्तानीको लागि पेश गर्नु पर्ने कागजात</u>ः (१) अनुदानग्राहीले कार्यसम्पन्न गरी भुक्तानीको लागि देहायबमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यादेशको प्रतिलिपि,
(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,
(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,
(घ) कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको सक्कल प्रतिलिपि,
(ङ) बिल बीजकहरुको सक्कल प्रति,
(च) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,
(छ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,
(ज) स्थानीय तहको सिफारिस,
(झ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,
(ञ) अन्य निर्णयको माईन्युटको प्रतिलिपि,
(ट) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस गरे पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

११. <u>रकम उपलब्ध गरिने आधारहरु</u>ः अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

मा. आरती पौडेल
मन्त्री

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र बढिमा ३ किस्तामा (पहिलो ५०%, दोस्रो ८०%, र तेश्रो १००%, कार्यसम्पन्न भएपछि) अनुदान रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यमा खर्च भएको रकम भुक्तानी हुनेछैन।

## परिच्छेद-३

## समन्वय, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

१२. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन :(१) सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र सम्बन्धित कृषि ज्ञान केन्द्रबाट हुनेछ। सम्बन्धित स्थानीय तहलाई समेत कार्यक्रमबारे जानकारी गराई अनुगमन गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित प्रतिवेदन तयार गरी कार्यालयमा सुरक्षित अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

१३. समन्वयः मन्त्रालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-४

## विविध

१४. सार्वजनिक परीक्षण : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

मा. आरती पौडेल
मन्त्री

१५. <u>प्रचलित कानून लागू हुने:</u> यस कार्यविधिमा व्यवस्था भएको विषयहरुमा यसै कार्यविधि बमोजिम र अन्य व्यवस्थाको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. <u>अन्तिम व्याख्या:</u> यस कार्यविधिको कार्यान्वयनको सन्दर्भमा द्विविधा उत्पन्न भएमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

१७. <u>संशोधन तथा परिमार्जन</u> : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता बमोजिम यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

सचिव

प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

खण्ड-१

निवेदनको ढाँचा

श्री ................................. मिति :.................

........................ ।

विषय : कष्टम हायरिङ्ग सेन्टर निर्माण तथा सञ्चालनका लागि अनुदान सहयोगको प्रस्तावना पेश गरेको बारे।

प्रस्तुत विषयमा तहाँबाट मिति ...................मा ........................पत्रिकामा प्रकाशित सूचना अनुसार कष्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चालनका लागि हामीलाई सरकारी अनुदान आवश्यक भएकोले तोके बमोजिमका कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेका छौं। कुल लागत रु.............................. मध्ये रु........................... आफूले लगानी गर्ने र रु.................................तहाँ कार्यालयबाट अनुदान पाउँ।

संलग्न कागजातहरुः

१. समूह/सहकारी/कम्पनी दर्ता प्रमाणपत्र

२. प्यान दर्ता र नवीकरण प्रमाणपत्र

३. परियोजना स्थलको जग्गाको जग्गा धनि प्रमाण पुर्जा र जग्गा धनिको नागरिकता प्रमाणपत्र, (जग्गा तराइमा न्यूनतम २ कट्ठा र पहाडमा न्यूनतम १ रोपनी हुनु पर्नेछ)

४. भाडाको जग्गा भए १५ वर्ष सम्मको सम्झौता पत्र

५. परियोजना स्थलको जग्गाको गत चालु आ.व. को तीरो तिरेको रसिदको प्रतिलिपि

६. निर्माण गरिने भौतिक पूर्वाधारको मस्यौदा/सामान्य रेखाङ्कन (प्रस्ताव स्वीकृत भएमा इन्जिनियरिङ्ग डिजाइन तयार गरिने)

७. आफ्नो तर्फको लगानीको रकम जुटाउन सकिने सुनिश्चितता खुलेको कागजात

८. खरिद गरिने सामग्रीहरुको स्पेशिफिकेसन र दररेट खुलेको कोटेशन

९. प्रस्ताव पेश गर्ने बारे आवेदक समूह सहकारी संस्थाको कार्य समिति‍को बैठकको निर्णय

१०. स्थानीय तह र कृषि ज्ञान केन्द्रको सिफारिस



सचिव

मा. आरती पौडेल
मन्त्री

## खण्ड-२

### प्रस्तावको ढाँचा

१. प्रस्तावक संस्थाको नामः

२. परियोजना स्थलको ठेगाना – जिल्ला.....................गा.पा./न.पा./उ.म.न.पा. ..........................वडा नं ..........................टोल

३. प्रस्तावकको ठेगाना – जिल्ला............गा.पा./न.पा./उ.म.न.पा................वडा नं. .................टोल

४. सम्पर्क फोन नं. (२ वटा सम्पर्क नं. दिनु पर्ने): अध्यक्ष-........... सचिव-...........

५. प्रस्तावकको संस्था दर्ता भएको कार्यालय ..........................दर्ता नं ............. मिति.............................

६. यस कष्टम हायरिङ्ग सेन्टरले वरपर कती घरधुरी र खेती गरिने/गरिएको कति जग्गामा सेवा प्रदान गर्न सक्छ। (घरधुरी संख्या ......खेती गरिएको क्षेत्रफल (.......)

७. बाटो, विजुली र सञ्चार सेवा उपलब्ध छ छैन:----------------

८. साविक देखि सञ्चालनमा रहेको सेन्टर भए सो मा रहेको भौतिक पूर्वाधार र सामग्रीहरुको विवरण:

| क्र. सं. | भौतिक पूर्वाधार र सामग्रीहरुको विवरण | इकाई | परिमाण | खरिद मूल्य | हालको अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

९. कष्टम हायरिङ्ग सेन्टरको निर्माण र सञ्चालन पछि सेवा प्रदान गरिने सम्बन्धी विवरण:

| क्र. सं. | गाउँ पालिकाको नाम र वडा नं | पुरानो भए सेवा प्रदान गरिरहेको विवरण | | अनुदान प्राप्ती पछिको थप हुने विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घर धुरी संख्या | क्षेत्रफल हे. | घर धुरी संख्या | क्षेत्रफल हे. | |
| | | | | | | |
| | | | | | | |

मा. आरती पौडेल
मन्त्री

| क्र.सं. | गाउँ पालिकाको नाम र वडा नं | पुरानो भए सेवा प्रदान गरिरहेको विवरण | | अनुदान प्रासी पछिको थप हुने विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घर धुरी संख्या | क्षेत्रफल हे. | घर धुरी संख्या | क्षेत्रफल हे. | |
| | जम्मा | | | | | |

१०. अनुदान रकमको उपयोग कसरी गर्ने (खरिद गरिने वस्तु तथा सेवाको विवरण/कार्ययोजना उल्लेख गर्ने):

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम र साझेदारीता | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा रकम रु. | अनुदान सहयोग– संलग्न अनुसूची अनुसार | आफूले व्यहोर्ने रकम रु. | |
| क | पूर्वाधार निर्माण | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |
| ख | मेशिनरी उपकरण तथा औजारहरु | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |
| | कूल जम्मा क + ख | | | | | | | |

| ग. | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धीहरु (बुदाँगत रुपमा सम्भव भएसम्म लभान्वित जनसंख्या खुलाउने) | लाभान्वित जनसंख्या |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

*द्रष्टव्यः यस कार्ययोजनामा कार्यालयको सहभागीतामा छलफल गरी वस्तुगत अवस्थामा आधारित भै परिमार्जन गर्न सकिनेछ।*

११. रोजगारी अभिवृद्धीमा हुने भूमिका (परियोजना सम्पन्न भए पछि के कती रोजगारी उपलब्ध हुने छ): महिला- .......... पुरुष- ........ जम्मा-........

१२. प्रस्तावनामा माग गरे बमोजिमका क्रियाकलापहरुको औचित्यता :

१३. वातावरणमा नकारात्मक असर पर्छ की पर्दैन, पर्ने भए न्यूनिकरणका उपायहरु के के छनः

१४. व्यवसायसञ्चालन कैले बाट भएको हो वि. सं. उल्लेख गर्ने :

१५. आफुले व्यहोर्ने रकमको व्यवस्थापन कहाँबाट हुने हो ?

१६. परियोजना सञ्चालन हुदा वातावरणमा केही फरक परेको छ वा छैन। फरक परेको भए कसरी व्यवस्थापन भएको छ र नपरेको भए किन फरक परेको छैन लेख्नुहोस।

१७. यस परियोजना संचालक समितिमा रहेको समावेशिताको विवरण

दलितः महिलाः जनजाती : अन्य : जम्माः

१८. यो परियोजना दिर्घकालीन समय सम्म सञ्चालनमा रहि रहने गरी दिगो हुनेछ भन्ने आधार के छ। कम्तीमा कती वर्ष सम्म यो परियोजना सञ्चालनमा रहनेछ र कसरी :

१९. आवेदक संस्थाबाट विगत २ वर्षमा कती रकमको कारोबार भयो ?

२०. परियोजना स्थलमा प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजनाको पकेट वा ब्लक सञ्चालनमा छन वा छैनन् ?

२१.यस भन्दा अगाडि यसै प्रयोजनका लागि कुनै संस्थाबाट प्राप्त सहयोग/अनुदानको पाएको भए सो को विवरण

| क सं | अनुदान सहयोग प्राप्त गरेको आ.व. | अनुदान/सहयोग दिने संस्थाको नाम | अनुदान उपलब्ध गराउने संस्थाको नाम | अनुदान रकम | कैफीयत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

मा. आरती पौडेल
मन्त्री

उपरोक्त बमोजिम सबै विवरणहरु तथ्यसत्य भरी पेश गरेका छौं। अनुदान प्राप्त भएका यस कार्यक्रमलाई निरन्तर रुपमा १० वर्ष सञ्चालन गर्नेछौं। यसमा उल्लेखित विवरणहरु झुठो ठहरिए कानून बमोजिम सहने/बुझाउँनेछु।

निवेदक :

नामः

दस्तखत :

दायाँ बायाँ

ठेगानाः जिल्ला ...........

स्थानीय तहको नाम ................ वडा नं. .............टोल...................

सम्पर्क फोन ..................

**खण्ड-३**

स्थानीय निकायको सिफारिस पत्रको ढाँचा

................. को सूचना बमोजिम अनुदान पाउँ भनी निवेदकले उल्लेख गरेको उपरोक्त विवरणहरु ठीक छन। अतः कष्टम हायरिङ्ग सेन्टर निर्माण सञ्चालनका लागि श्री ..............................................................बाट पेश भएको निवेदन बमोजिम अनुदान उपलब्ध गराइदिनुहुन सिफारिस साथ अनुरोध छ।

सिफारिस कर्ताको नाम मिति

पद स्थानीय तहको छाप

दस्तखत

**खण्ड-४**

**सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्रको ढाँचा** (निर्देशनालयले कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा मात्र)

कृषि विकास निर्देशनालयको सूचना बमोजिम अनुदान माँग गरी प्रस्ताव पेश गर्ने श्री ............................................ को उपरोक्त उल्लेखित व्यहोरा सबै ठीक छन। अतः कृषि यान्त्रीकरणको लागि निज श्री ...................................... बाट पेश भएको निवेदन बमोजिम अनुदान उपलब्ध गराई दिनुहुन सिफारिस साथ अनुरोध छ। यस स्थानमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पकेट/ब्लक/जोन/सुपरजोन रहेको/नरहेको समेत अनुरोध छ।

दस्तखत .............

सिफारिसकर्ताको नाम : मिति :

पद : छाप

प्रदेश सरकार
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-३

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**कष्टम हायरिङ्ग सेन्टरकालागि उपलब्ध गराइने मेशिनरी सामग्रीहरु र अनुदान रकम**

| क्र. सं | सामग्रीको नाम | स्फेसिफिकेसन | प्रति इकाई अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क | जग्गा खन जोत तयारी तथा जग्गा सम्याउने प्रयोजनको लागि प्रयोग हुने यन्त्रहरु | | | |
| १ | ट्रेक्टर (Tractor) | ४5 HP वा सो भन्दा माथि | ७००००० | अनुदान रकम परल मूल्यको ५० प्रतिशत भन्दा बढी हुनेछैन। |
| २ | ट्रेक्टर ट्रलि (Tractor trolley) | 105 घन फिट वा सो भन्दा माथि | ८०००० | |
| ३ | मिनी टिलर (Mini tiller) | 5.5 HP वा सो भन्दा माथि | २२००० | |
| ४ | पावर टिलर (Power tiller) | 12 HP वा सो भन्दा माथि | ७०००० | |
| ५ | पावर टिलर ट्रलि (Power tiller trolley) | 30 घन फिट वा सो भन्दा माथि | ३५००० | |
| ६ | कल्टिभेटर (Cultivator) | 9 टाईन वा सो भन्दा माथि | १७००० | |
| ७ | रोटाभेटर (Rotavator) | 6 फिट वा सो भन्दा माथि (42 ब्लेड) | ७५००० | |
| ८ | डिक्सहेरो ( Disc harrow ) | 12 डिक्स वा सो भन्दा माथि (22इन्च) | ३०००० | |
| ९ | लेब्लर (Leveler) | 6 फिट वा सो भन्दा माथि | ८००० | |
| १० | लेजर लेण्ड लेब्लर(Laser land leveler) | Automatic | २५५००० | |
| ख | बालीलगाउनप्रयोगहुनेयन्त्रहरु | | | |
| ११ | प्याडीट्रे (Paddy tray) | प्लाष्टिक | १०० | |
| १२ | धान रोप्ने मेसिन (Rice transplanter) | एक पटकमा ६ लाइन रोप्न सक्ने भएको, कम्तीमा ३.० किलोवाट। | २६०००० | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| क्र.सं | सामग्रीको नाम | स्पेसिफिकेसन | प्रति इकाई अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १३ | आलुको डयाङ्ग बनाउने र रोप्ने मेसिन (Potato ridge making and planting machine) | ट्रेक्टरले चल्ने | ५५००० | |
| १४ | हैप्पी सिडर ( Happy seeder) | 4.5 HP वासोभन्दामाथि | १७५००० | |
| १५ | सिड कम फर्टीलाइजर ड्रिल (Seed cum fertilizer drill) | ट्रेक्टरले चल्ने | ६०००० | |
| ग | विषादी छर्ने प्रयोग हुने यन्त्र | | | |
| १६ | पावर स्प्रेयर (Power sprayer) | 1 HP ईन्जनर केमिकल टेङ्क ६० लि. वा सोभन्दा माथि | १७००० | |
| घ | मल छर्न प्रयोग हुने यन्त्र | | | |
| १७ | मल छर्ने मेसिन (Fertilizer Sprayer) | ट्रेक्टर ड्रिबन | २५००० | |
| ङ | बाली कटानीको लागि प्रयोग हुने यन्त्रहरु | | | |
| १८ | धान काट्ने मेसिन (Reaper) | ट्रेक्टरड्रिभन | ६०००० | |
| १९ | धान काट्ने मेसिन (Reaper) | पावर टिलर ड्रिभन | ३५००० | |
| २० | आलु खन्ने मेसिन (Potato digger) | ट्रेक्टर ड्रिबन | ७०००० | |
| घ | बाली झार्ने तथा चुट्ने यन्त्र | | | |
| २१ | धान चुट्ने मेसिन (Rice thresher) | ट्रेक्टर ड्रिभन | १६०००० | |
| २२ | गँहु चुट्ने मेसिन ( Wheat thresher) | ट्रेक्टर ड्रिभन | १२५००० | |
| २३ | मल्टी क्रप थ्रेसर | ट्रेक्टर ड्रिभन | १७०००० | |
| २४ | कम्बाईन हारवेस्टर (Combined harvester) (धान/गहुँ काट्ने र झार्ने प्रयोग हुने यन्त्र) | 101 HP वा सोभन्दा माथि | १०००००० | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| क्र. सं | सामग्रीको नाम | स्फेसिफिकेसन | प्रति इकाई अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ङ | अन्य यन्त्रहरु | | | |
| २५ | हेक लेक्टर वावेलर (पराल/घाँस डल्लो पार्ने (गुन्टा जस्तो) यन्त्र) | ट्रेक्टर ड्रिभन | ३००००० | |
| २६ | झार गोड्ने मेसिन (Inter-culture power weeder) | 5 HP वा सो भन्दा माथि | ७५००० | |
| २७ | ग्रासकटर | 4 स्ट्रक वा सो भन्दा माथि | १५००० | |
| २८ | च्याफ कटर घाँसलाई टुक्रा पार्ने प्रयोग हुने यन्त्र | 3 HP मोटर ड्रिभन | २२००० | |
| २९ | च्याफ कटर | ट्रेक्टर ड्रिभन | ११०००० | |

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-४

(दफा ४ को उपदफा (८) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री ...................................... मार्फत सञ्चालन गरिने आ.व. ...................... को स्वीकृत ................................................................ कार्यक्रम सञ्चालन गर्न ................................................................ (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका कम्पनी/समूह/सहकारी संस्था ...................................................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरु गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ....................................(प्रथम पक्ष) र .................................. (दोस्रो पक्ष) बीच .................................. कार्यक्रमको लागि लागत साझेदारीका लागि प्रयोग हुनेछ।
२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ।
४. ...................................................................... कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि ........ % कार्य सम्पन्न भए पछि पहिलो, ......... % कार्यसम्पन्न भए पछि दोस्रो र १०० % कार्यसम्पन्न भएपछि अन्तिम किस्ता अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गराउनेछ।
५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा अनुगमन टोलिको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम व्यवस्थापन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।
६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको विल सहित कार्यसम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा विलहरु प्राप्त भएको ७ दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।
७. सम्झौता रकम जम्मा:-
   प्रथम पक्षले ब्यहोर्ने:-
   दोस्रो पक्षले ब्यहोर्ने:-
८. दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको बिषयमा मात्र खर्च गर्नु पर्नेछ। अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन।

| सि.न. | क्रियाकलाप | ईकाइ | परिणाम | दर | जम्मा | अनुदान रक | कार्यक्रम सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. पूर्वधार | | | | | | | | |
| १.१ | | | | | | | | |
| १.२ | | | | | | | | |
| २. औजार/उपकरण | | | | | | | | |
| २.१ | | | | | | | | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.१ | | | | | | | | |
| २.२ | | | | | | | | |
| ३. सञ्चालन खर्च | | | | | | | | |
| ३.१ | | | | | | | | |
| ३.२ | | | | | | | | |

९. प्रथम पक्षले उपलब्ध गराउने अनुदान रकम कार्यविधिको दफा ........ बमोजिमको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयावधि भित्र सम्पन्न गरी भुक्तानी समेत माग गर्नु पर्नेछ अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएमा प्रथम पक्ष जवाफदेही हुनेछैन।

१०. .............................................. कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१२. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

१३. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ

..........................
प्रथम पक्षका तर्फबाट
नामः
पदः

.............................
दोस्रो पक्षका तर्फबाट
नामः
पदः

साक्षीहरु
नामः
पदः

नामः
पदः

मितिः २०........... साल .......... महिना............. गते

सचिव